

**शिक्षा, आवाज र शून्यता (३)**

✍ बाँस्कोटा धनञ्जय
baskota69@gmail.com


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com








❑ वर्ष-२१ ❑ अंक - १५१ ❑ २०८३ जेठ २५ गते सोमबार ❑ monday, 08 June, 2026 ❑ मूल्य ७ /-


## मेचीनगरमा १५ फिट लामो अजिङ्गर

**मेचीनगर/** झापाको मेचीनगर नगरपालिका-४ स्थित माताचोक नजिक गोरेटो बाटो छेउमा १५ फिट लामो अजिङ्गर सर्प फेला परेकामा उद्धार गरिएको छ । गएराति करिब ११ बजे स्थानीयवासीले अजिङ्गर देखेपछि तत्काल प्रहरी चौकी बाहुनडाँगीलाई जानकारी गराएका थिए ।

सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेर सुरक्षित रूपमा उद्धार गरी प्रहरी चौकी बाहुनडाँगीमा राखिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुमन बानियाँले जानकारी दिए । यहाँको वन क्षेत्र नजिकका बस्तीमा बेलाबेला अजिङ्गर, हात्ती तथा अन्य वन्यजन्तु प्रवेश गर्ने गरेका छन् । प्रहरीले यस्ता वन्यजन्तु देखिएमा नजिक नजान र तत्काल सम्बन्धित निकायलाई खबर गर्न स्थानीयलाई आग्रह गरेको छ ।

## विद्यालय र क्याम्पसको ४५९ विगाहा जग्गा अतिक्रमण

**झापा/**झापामा सरकारी विद्यालय र क्याम्पसको ४५९ बिगाहा जग्गा अतिक्रमण भएको पाइएको छ । मेची बहुमुखी क्याम्पसको १२६ बिघा, आदर्श विद्या मन्दिर घैलाडुब्बाको ८७ बिगाहा, जनता प्राथमिक विद्यालय शरणामतीको २७ बिगाहा, महेन्द्र माध्यमिक विद्यालय पन्थापाडाको २७ बिगाहा र डिल्लीराज माध्यमिक विद्यालय कुमरखोदको २१ बिगाहा जग्गा अतिक्रमणमा परेको हो ।

त्यसबाहेक जिल्ला बाहिरका विद्यालयको नाममा झापामा रहेको जग्गासमेत अतिक्रमण भएको छ । विद्यालय र क्याम्पसको जग्गा अतिक्रमण गरी घर बनाएका मात्र छैनन् , आफूखुशी खरिद बिक्री पनि गर्दै आएका छन् ।

## अण्डाको मूल्य निर्धारण

**दमक/** नेपाल लेयर्स कुखुरापालक सङ्घले अण्डाको फार्म समर्थन मूल्य पुनःबढाएको छ । सङ्घको बैठकले आइतबारदेखि लागू हुने गरी नयाँ मूल्य निर्धारण गरेको हो ।

सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार देशभरका अण्डा उत्पादक किसान तथा व्यवसायीको राय, परामर्श तथा सिफारिसका आधारमा चितवनलाई मुख्य आधार क्षेत्र मानी नयाँ दररेट तय गरिएको हो ।

नयाँ मूल्यसूचीअनुसार एक्सएल अण्डाको मूल्य प्रतिक्रेट (३० वटा) ५६०, ठूलो अण्डाको ५४५, मध्यम (मिडियम) अण्डाको ५१५ तथा सानो अण्डाको प्रतिपेटी तीन हजार कायम गरिएको छ । यसअनुसार खुद्रा बजारमा अण्डाको मूल्य करिब २५ भएको छ ।

## ऊर्जा उत्पादन कोषमा खर्बवढी संकलन

**दमक/** जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइन, सौर्य तथा नवीकरणीय ऊर्जा उत्पादन गर्ने उद्योगमा लगानी गर्ने गरी सामाजिक सुरक्षा कोषले कर्जा वा सहवित्तीयकरणमा लगानी गर्ने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ । कोषमा अहिलेसम्म एक खर्ब ११ अर्ब सात करोड पाँच लाख ८५ हजार बराबरको योगदान रकम जम्मा भएको छ ।

दैनिक रूपमा रकम थपिँदै गएकाले लगानीको दायरा विस्तार गर्नुपर्ने निष्कर्षमा कोष पुगेको छ । सोही आधारमा कोषले सरकारी स्वामित्वका कम्पनीसँग मिलेर जलविद्युत् तथा नवीकरणीय ऊर्जा परियोजनामा लगानी गर्ने नीति अख्तियार गरेको छ ।

# छिमेकी मुलुकहरूसँग कुटनीतिक सम्बन्धको संकेत

✍ बिमल लामिछाने

**दमक/** सीमांकनको विषयलाई लिएर राष्ट्रिय राजनीति तरङ्गित भएको बेला राजनीतिको पृष्ठभूमिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको हालैको भारत भ्रमणलाई कूटनीतिक वृत्तमा निकै अर्थपूर्ण रूपमा हेरिएको छ । भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनको निमन्त्रणामा भएको यस भ्रमणका क्रममा लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र विदेशमन्त्री एस. जयशंकरसँग उच्चस्तरीय भेटवार्ता गरे, जसले दुईदेशीय सम्बन्धमा सकारात्मक संकेतहरु देखाएको छ । परम्परागत कूटनीतिभन्दा बाहिर निस्किएर भारतले नेपालका उदीयमान र नयाँ राजनीतिक नेतृत्वलाई उच्च महत्व र सम्मान दिएको देखिन्छ, जसले आगामी दिनमा दुई देशबीचको सम्बन्धलाई थप व्यावहारिक बनाउन मद्दत पुग्ने अपेक्षा गर्न सकिन्छ ।

स्वदेश फर्किएपछि लामिछानेले यो भ्रमणले नेपाल-भारत सम्बन्धलाई 'रिसेट' गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै कनेक्टिभिटी, धार्मिक पर्यटन, खेलकुद र सूचना प्रविधि जस्ता क्षेत्रमा सहकार्य गर्ने विषयलाई प्राथमिकताका साथ उठाएको जानकारी दिए । यसका साथै ढोल वा नाराबाजी गरेर नभई चरणबद्ध र परिपक्व कूटनीतिक संवादमार्फत सीमा सम्बन्धी ऐतिहासिक समस्याहरु समाधान गर्न सकिने र देशको हित अनुकूल काम अघि बढाउने प्रतिबद्धता समेत उनले जनाएका छन् । यस भ्रमणले भारत नेपालका परम्परागत शक्तिहरूसँग मात्र नभई नयाँ पुस्ताका राजनीतिक शक्तिहरूसँग पनि दीर्घकालीन सहकार्यका लागि तयार छ भन्ने बलियो संकेत गरेको छ ।

नेपालको वर्तमान राजनीति एक विशिष्ट र संक्रमणकालीन मोडबाट गुज्रिरहेको छ । एकातिर परम्परागत शक्ति सन्तुलनमा आएको फेरबदल र नयाँ राजनीतिक शक्तिहरूको उदयले आन्तरिक राजनीतिलाई तरंगित बनाएको छ भने, अर्कोतिर छिमेकी मुलुकहरूसँगको कुटनीतिक सम्बन्धमा नयाँ अध्याय सुरु हुने संकेतहरु पनि देखिएका छन् ।

केहीमहिना अघिमात्रै सम्पन्न प्रतिनिधि सभाको निर्वाचन र राजनीतिक ध्रुवीकरणले पुराना दलहरूलाई सच्चिन र नयाँ दलहरूलाई आˆ नो कार्यसम्पादन प्रमाणित गर्न दबाब बढाएको छ । सहकारी ठगी, नक्कली भुटानी शरणार्थी जस्ता ठूला काण्डहरूको अनुसन्धान र सम्पत्ति छानबिनका लागि गठित उच्चस्तरीय आयोगहरूले जनतामा केही आशा जगाएका छन् । तर, युवा पलायन, सुस्त आर्थिक वृद्धिदर र न्यून पूँजीगत खर्चका कारण नागरिक स्तरमा असन्तुष्टि पूर्ण रूपमा शान्त हुन सकेको छैन । यस्तो अवस्थामा सरकार टिकाइराख्ने राजनीतिक बाध्यता र जनअपेक्षा पूरा गर्ने चुनौतीबीच सन्तुलन मिलाउनु नै वर्तमान राजनीतिको मुख्य सकस बनेको देखिन्छ ।

अर्कोतर्फ, काठमाडौँ महानगर पालिकाको नेतृत्वबाट लोभलाग्दो लोकप्रियता कमाएका बालेन्द्र (बालेन) शाहको नेतृत्वको सरकारले शासकीय सुधार, डिजिटल सुशासन र चुस्त सेवा प्रवाहको नारासहित '१०० कार्ययोजना' अघि सारेर काम गरिरहेको छ । उनको कार्यकाल र हालसम्मका गतिविधिहरूले परम्परागत प्रशासनिक ढर्रालाई तोड्ने नवीन प्रयास गरेका छन् ।

सरकारी सेवा प्रवाहलाई छरितो र पारदर्शी बनाउन बिजनेस प्रोसेस रि-इन्जिनियरिङको सुरूवात, ई-सिग्नेचरको व्यवस्था, र प्रमाणपत्रहरु नागरिक एप वा इमेलबाटै डाउनलोड गर्न मिल्ने प्रणालीको विकास यसका प्रमुख उपलब्धी हुन् । शासकीय फजुल खर्च रोक्न मन्त्रालयको संख्या १७ मा सीमित गर्ने र अनुत्पादक सरकारी संरचनाहरु एकीकरण गर्ने योजना अघि बढाइनुका साथै नेपाललाई पूर्वीय दर्शन, ध्यान, योग र प्राकृतिक चिकित्साको हब बनाउने, आरोग्य पर्यटन रणनीति, अस्पतालहरूमा 'बर्न वार्ड' को स्थापना, एयर एम्बुलेन्सको रोस्टर तयारी, सार्वजनिक

बाँकी ४ पेजमा ▸▸

**रास्वपाको झापासहित २० जिल्लाको नेतृत्व सार्वजनिक**

# झापामा ओम भण्डारी निर्वाचित

**दमक/**राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को जिल्ला नेतृत्व चयन हुने क्रम जारी रहेको छ । हालसम्म पार्टीले २४ जिल्लामध्ये २० जिल्लाको नेतृत्व सार्वजनिक गरेको छ । कोशी प्रदेशअन्तर्गत झापामा ओम भण्डारी सभापतिमा निर्वाचित भएका छन् । ३ सय ४१ मत ल्याउँदै भण्डारी निर्वाचित भएका हुन् ।

उनका प्रतिस्पर्धीमा लक्ष्मण बस्नेतले २ सय ४७ र अर्जुनकुमार मैनालीले २५ मत प्राप्त गरे । त्यस्तै उपसभापतिमा पुष्पलाल ढकाल निर्वाचित भएका छन् । २ सय १० मत ल्याउँदै ढकाल निर्वाचित हुँदा उनका प्रतिस्पर्धी शान्ता तामाङले १ सय ९८ , लिला खड्काले १ सय ११ र देव सङ्ग्रौलाले ९३ मत ल्याएका थिए । त्यस्तै सचिव पदका लागि विरोध सुवेदी निर्वाचित भएका छन् । सुवेदी ३ सय ६८ मत प्राप्त गरी विजयी हुँदा उनका प्रतिस्पर्धी रविन खड्काले २ सय ३५ मत ल्याएका थिए ।

त्यस्तै सहसचिवमा ३ सय ५२ मतसहित भिमबहादुर कुँवर निर्वाचित हुँदा उनका प्रतिस्पर्धीहरु राजेन्द्र खनालले १ सय ९३ र लक्ष्मीप्रसाद रेग्मीले ७४ मत ल्याएका थिए ।

त्यस्तै सदस्यमा राजनारायण राजवंशी, डिल्ली न्यौपाने, शान्तिमाया न्यौपाने, मुना सापकोटा बिजयी भएका छन् । त्यस्तै क्षेत्रीय सभापतिमा क्षेत्र नं १ बाट कमल गौतम, दुई बाट गोपाल कट्वाल , तीन बाट कमल बानियाँ, चार बाट लिलामाया बस्नेत र पाँच बाट चुडामणि पाठक निर्वाचित भएको निर्वाचन समितिले जानकारी दिएको छ ।

त्यसैगरी मोरङमा भरत कुँडेल, सुनसरीमा सागर दाहाल, ताप्लेजुङमा राजनकुमार गुरूङ, तेह्रथुममा सुमन खत्री, भोजपुरमा ख्यामबहादुर भुजेल, सत्तुवासभामा भक्तनारायण श्रेष्ठ र ओखलढुङ्गामा

बाँकी ४ पेजमा ▸▸

## झापामा विद्यालय क्याम्पसको ४५९ विगाहा जग्गा अतिक्रमण


**झापा/** झापामा सरकारी विद्यालय र क्याम्पसको ४५९ बिगाहा जग्गा अतिक्रमण भएको पाइएको छ । मेची बहुमुखी क्याम्पसको १२६ बिघा, आदर्श विद्या मन्दिर घैलाडुब्बाको ८७ बिगाहा, जनता प्राथमिक विद्यालय शरणामतीको २७ बिगाहा, महेन्द्र माध्यमिक विद्यालय पन्थापाडाको २७ बिगाहा र डिल्लीराज माध्यमिक विद्यालय कुमरखोदको २१ बिगाहा जग्गा अतिक्रमणमा परेको हो ।

त्यसबाहेक जिल्ला बाहिरका विद्यालयको नाममा झापामा रहेको जग्गासमेत अतिक्रमण भएको छ । विद्यालय र क्याम्पसको जग्गा अतिक्रमण गरी घर बनाएका मात्र छैनन् , आफूखुशी खरिद बिक्री पनि गर्दै आएका छन् ।


## विश्व बजारमा तेलको मूल्य तीव्र रूपमा बढ्दै

**एजेन्सी/** इरान युद्धका कारण तेल आपूर्ति अवरूद्ध भएपछि विश्व बजारमा मूल्य तीव्र रूपमा बढ्दै गएको अवस्थामा 'ओपेक प्लस' का मन्त्रीहरूले आइतबार हुने बैठकमा उत्पादन कोटा बढाउने विषयमा छलफल गर्ने भएका छन् । यस कदमको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय बजारमा बढ्दो तेल मूल्यलाई नियन्त्रणमा ल्याउनु हो ।

विश्लेषकहरूका अनुसार ओपेक प्लसले दैनिक करिब १ लाख ८८ हजार ब्यारेलसम्म उत्पादन वृद्धि गर्ने निर्णय गर्न सक्ने सम्भावना छ, जुन पछिल्ला निर्णयहरूसँग मिल्दोजुल्दो हुनेछ । तर उत्पादन क्षमता सीमित भएकाले वास्तविक रूपमा केवल सात देशहरु–साउदी अरेबिया, रूस, इराक, कुवेत, काजाकिस्तान, अल्जेरिया र ओमानले मात्र आपूर्ति बढाउन सक्ने अवस्था रहेको बताइएको छ ।

बाँकी ४ पेजमा ▸▸

## आइतबार बिदाको पुनर्विचार गर्दै कोशी सरकार

**दमक/** कोशी प्रदेश सरकारले साताको २ दिने बिदालाई पुनर्विचार गर्न गृहकार्य थालेको छ । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले यसका लागि सुझाव मागेका छन् ।

२ दिने बिदाले खर्च तथा इन्धन खासै उपलब्धि नदेखिएको उनको निचोड छ। कार्कीले लेखेका छन्- कोशी प्रदेश सरकारले आफ्ना मन्त्रालय र मातहत कार्यालयलाई हप्ताको ६ दिन नै कार्यदिन बनाएर (साबिक झैँ बिदा शनिबार १ दिन मात्रै) कायम गर्दा कस्तो होला ? हप्ताको ५ दिन मात्रै काम गर्दा कार्यदिन नपुग्ने र खर्च तथा इन्धन बचतमा खासै उपलब्धि देखिएन । यहाँको सुझाव पाउँ !

केन्द्र सरकारले गत चैत २२ गतेको मन्त्रिपरिषद् निर्णयबाट सातामा २ दिन सार्वजनिक

बाँकी ४ पेजमा ▸▸

## "स्वास्थ्य बीमा सुधारका लागि ऐन संशोधन आवश्यक"

**दमक/** स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटा ले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन स्वास्थ्य बीमा ऐन संशोधन गर्नुपर्ने बताएका छन् । आइतबार मन्त्रालयमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले साउन १ गतेदेखि ऐन संशोधनको प्रक्रिया अघि बढाउने तयारी भइरहेको जानकारी दिए । उनले सरकारले आगामी आर्थिक वर्षका लागि स्वास्थ्य बीमामा १५ अर्ब रूपैयाँ बजेट विनियोजन गरेको उल्लेख गर्दै यसले कार्यक्रम सुधारमा महत्वपूर्ण फड्को मार्ने विश्वास व्यक्त गरे । विगतमा बीमाका लागि करिब साढे ७ अर्ब रूपैयाँ मात्र बजेट छुट्याइने गरेको भन्दै उनले सरकारले स्वास्थ्य बीमालाई उच्च प्राथमिकतामा राखेको दाबी गरे । साथै, आगामी तीन वर्षभित्र आधारभूत स्वास्थ्य सेवा सबै नागरिकसम्म पुर्‍याउने लक्ष्यका साथ सरकार अघि बढिरहेको पनि उनले बताए ।

**स्वास्थ्य बीमामा कर्मचारीलाई पनि आबद्ध गराइने**

यसैबीच, साउनदेखि स्वास्थ्य बीमा कार्यक्रममा सरकारी कर्मचारीलाई पनि आबद्ध गराइने भएको छ ।

बाँकी ४ पेजमा ▸▸

# कस्टकर बन्दै माईखोला सडक

*__इलाम/__ विगत दुईदिन यता ठूला मालबाहक सवारी पार हुन नसक्दा मेची राजमार्गको माई खोलास्थित राजदुवाली माथिपट्टिको सडक थप कस्टकर बन्न थालेको छ । गएको असोज १८ गतेको वर्षापछि राजमार्गमा गएको पहिरोका कारण अहिले पनि सो सडक खण्डमा सवारी साधन पार हुन ठुलो समस्या रहेको छ । पहिरो माथि नै ट्र्याक खोलेर अस्थाइ रूपमा बनाइएको सडकको अवस्था अहिले पनि त्यहि रहँदा समस्या उस्तै रहेको छ ।*

*खोलादेखि नै कङ्क्रिट वाल लगाएर सडकलाई उठाउन थालिए पनि पटक-पटक माथिबाट सडक नै बग्ने, पहिरो खस्ने र माईखोलामा बाढी आउने कारण निरन्तर काम गर्न नसक्दा समस्या उस्तै रहेको सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईले बताए ।*

*दुई दिन यता सडक नै बग्ने क्रम सुरू भएपछि सवारीलाई सो सडक क्षेत्र पार गराउन समस्या भइरहेको भट्टराईको भनाइ छ । 'साना सवारीलाई जसोतसो पार गराए पनि लोड भएका ठुला सवारीलाई पहिरो पार गराउन निकै कठिन भएको छ' भट्टराईले भने, 'एक्साभेटरको सहयोगमा एउटा सवारीमात्र पार गराउने अवस्था छ ।'*

*यता दुई दिनदेखि सामग्री बोकेका सवारी खोलापारी नै बस्नुपर्दा ठुलो समस्या आएको उद्योग वाणिज्य सङ्घ इलामका अध्यक्ष कृष्ण पौड्यालल बताए । 'काम त हुँदैछ, तर माथिबाट सडक बगिरहने समस्याले सबैलाई सताएको छ । कम्तिमा वैकल्पिक सडकलाई प्रयोग गरेर यो सडकको काम गर्न पाए अलि छिटो हुन्थ्योकि भन्ने छ ।'*

*पौड्यालले भने, 'वैकल्पिक सडकमा जोड्ने भनिएका बेलीब्रिजका सामग्री पनि बिचमै रोकिएका छन् । अब त माई खोला पारिका सर्वसाधारण उपचार गर्न जान नपाएर अझ समस्यामा*

बाँकी ४ पेजमा ▸▸


**कर्मचारी आवश्यकता**

यस गोल्डेन गेट बचत तथा ऋण सहकारी संस्था लि दमक–६ झापालाई **सह-व्यवस्थापक** पदमा कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल :**

- पद : **सह-व्यवस्थापक**
- शैक्षिक योग्यता : स्नातक वा सो सरह
- आवश्यक कागजातहरु : नेपाली नागरिकताको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यता : प्रमाणपत्रको प्रतिलिपि १ थान, पिपि साईजको फोटो, हस्तलिखित निवेदन, सहकारी क्षेत्रमा वा वित्तिय क्षेत्रमा काम गरेको अनुभवका प्रमाणपत्रहरु ।
- परिक्षाको किसिम : लिखित/मौखिक/प्रयोगात्मक
- आवेदन दिने मिति : २०८३/०२/२५ देखि असार ०५ गते कार्यालय समयभित्र

**गोल्डेन गेट बचत तथा ऋण सहकारी संस्था लि.**
दमक–६, थानारोड, (फोन: ०२३–५७५१२४ / ९८०१४५२९९४)



Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# सम्पादकीय

## वृक्षरोपणको महत्व

भर्खरै हामीले विश्व वातावरण दिवस मनाएका छौं । हरेक वर्ष यो दिवस र यस्तै अन्य अवसरहरुमा देशैभरि निकै उत्साहका साथ वृक्षरोपण गर्ने गरिन्छ । यो वर्षपनि देशभर वृक्षरोपण गरियो । झापाका विभिन्न पालिकाहरूमा पनि विशेष कार्यक्रमका विच वृक्षरोपण गरि वातावरण दिवश मनाइएको छ । दमक नगरपालिका र कमल गाउँपालिकाले पनि यो दिवश प्राथमिकताका साथ मनाएका छन् । कतिपय सामाजिक संस्थाहरूको सहकार्यमा यो दिवश उत्साहकासाथ वृक्षरोपण गरि मनाइयो ।

यो वर्षमात्र होइन, यस अधिका वर्षहरूमा पनि सरकारी निकाय, विभिन्न संघसंस्था र सर्वसाधारण नागरिकहरु बिरूवा रोप्न तछाडमछाड गरिरहेका भेटिन्छन् । तर, वर्षौंदेखिको यो प्रक्रिया केवल एक दिनको औपचारिकता र तस्बिर खिचाउने माध्यम मात्र बनेको छ । बिरूवा रोप्नु आफैंमा सराहनीय कार्य भए पनि त्यसपछिको संरक्षण, गोडमेल, समयमा पानी र मलको अभावका कारण ती बिरूवाहरु हुर्कन पाउँदैनन् ।

परिणामस्वरुप ठूलो लगानी र श्रम खर्चेर गरिएका वृक्षरोपण कार्यक्रमहरु बालुवामा पानी हाले जस्तै निरर्थक भइरहेका छन् । यस समस्यालाई समाधान गर्न र वृक्षरोपणलाई साँच्चै अर्थपूर्ण बनाउन अब हाम्रो सोच्ने तरिका र वृक्षरोपण गरेर वर्षौं छोड्ने बानी बदल्न जरूरी छ ।

बिरूवा रोप्ने संख्या मात्र बढाउनुभन्दा रोपेका बिरूवालाई हुर्काउने ठोस योजना ल्याउनुपर्छ । यसका लागि 'एक बोट, एक संरक्षक' जस्ता नीतिहरु लागू गर्न सकिन्छ, जहाँ रोपेको बिरूवा बचाउने जिम्मेवारी स्पष्ट रुपमा तोकियोस्, नगर र पालिकाहरूले निगरानी र रेखदेख बढाइरहनु आवश्यक देखिन्छ । विरूवा रोपेपछि पनि नियमित अनुगमन गर्ने, समयमै गोडमेल र सिँचाइको ब्यवस्था गर्ने संयन्त्र नबनेसम्म वातावरण दिवसको नारा कागज र भाषणमा मात्र सीमित रहनेछ ।

बढ्दो प्रदुषित वातावरणलाई सन्तुलनमा ल्याउन र वातावरणलाई स्वछ राख्न चालिएका हरेक कदमले सार्थकता पाउनुपर्छ । वातावरण जोगाउनु सबैको साझा दायित्व हो ।

### सामाजिक सञ्जालबाट

## स्वयंसेवी भावना अभिवृद्धि होस्



बाबुराम भट्टराई

गाउँमा स्थानीय जनसमुदायले नै सडक लगायतका पूर्वाधारहरूको सम्भार र संरक्षणमा ध्यान दिऊन् र आम रूपमा स्वयंसेवी भावना अभिवृद्धि होस् भन्ने ऊद्देश्यले आफ्नै वडामा स्वयंसेवा अभियान संचालन गर्नु आवश्यक छ ! साँच्चै नै देशको झण्डै असी प्रतिसत भूभाग पहाड रहेको, करीब सत्तरी प्रतिसत जनसंख्या गाउँमा बसोबास गरिरहेको र करीब साठी प्रतिशत श्रमशक्ति कृषिसंग जोडिएको हाम्रो तीतो सत्यलाई मथ्यनजर गर्दै तीव्र आधुनिकीकरण संगसंगै जनसहभागितामूलक विकासको बाटो अनुसरण गर्न पनि हामीले जान्नैपर्छ । त्यसैले हाम्रो विकासको मोडेल आलोचनात्मक आधुनिकतावाद (अचष्तष्अबिृयमभचलष्क) मा आधारित हुनुपर्छ भन्ने सार्वजनिक पैरवी मैले गर्दै आइरहेको हुँ ।

## इमान्दार र लगनशिल बन्न निर्देशन

*__दमक/__ कानुनमन्त्री सोबिता गौतमले कर्मचारीहरूलाई भनसुन र सोर्सफोर्सको प्रभावबाट टाढा रही इमान्दारिता र लगनशीलताका साथ काम गर्न आग्रह गरेकी छन् ।*

*एक कार्यक्रममा बोल्दै मन्त्री गौतमले सोर्सफोर्सको संस्कृतिले कर्मचारीतन्त्रमा अन्याय र विभेद बढाउने बताइन्। उनले व्यक्तिगत पहुँच र दबाबका आधारमा काम गराउने प्रवृत्तिले योग्य तथा मेहनती कर्मचारीलाई असर पार्ने उल्लेख गरिन् ।*

*"सोर्सफोर्स गर्ने जुन प्रचलन छ, त्यसबाट सबै जना टाढा रहनुहोला । त्यो (सोर्सफोर्सका कारण) अन्यायमा पर्ने अरु कोही नभएर तपाईँहरूकै साथी हो । त्यसैले साथीले साथीलाई धोका दिने काम नगर्नुहोला," मन्त्री गौतमले भनिन् । उनले निष्पक्षता, पारदर्शिता र व्यावसायिक आचरणलाई प्राथमिकतामा राखेर सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कर्मचारीहरूलाई आग्रह गरिन् ।*

# शिक्षा, आवाज र शून्यता



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

> नेपालकै विज्ञ मानिएका व्यक्तिहरु रहेको सञ्चालक समितिको नामावली झुण्ड्याएर त्यसैको मुनि आफू कुर्सीमा बसेका गुप्ता साँच्चिकै विज्ञ जस्ता देखिन्थे।

ताज होटलमा बिहानको खाना खाइसकेपछि हामी विश्वविद्यालय अनुदान आयोगको कार्यालय जाने कार्यक्रमा थियौं । खानाको त्यहीं प्रबन्ध थियो ।

खाना खाँदै गर्दा मैले वेटरलाई भनें, 'भाइ फ्राइ करेला थप त' ।

'हवस ।'

यति भनेर ऊ किचनतिर गयो । फेरि आयो ।

'खै त करेला ?'

'सकिएछ ।'

'हिजोको सकियो, भाइ?' कृष्ण भाइको व्यंग्य निकै भारी थियो ।

वेटर केही नबोली भित्र लाग्यो ।

खानापछि हामी विश्वविद्यालय अनुदान आयोगमा पुग्यौं ।

मुलुकको उच्च शिक्षाको इपिसेन्टर । शिक्षालाई आधुनिकीकरण र जीवनसापेक्ष बनाउने सूत्र बाँड्ने स्थान । समयको वेगलाई धान्ने शिक्षाको प्रस्फुटन गर्ने स्थान । युवाका सपनाहरूको बिस्कुन लगाएर तिनको व्यवस्थापन गर्न सिकाउने स्थान । राजनीति, सामाजिक र अन्य विविध कारणले किरिङ्मिरिङ् बनेका शैक्षिक रेशाहरु, मरणासन्न भएका शैक्षिक आयामहरूलाई सरल र सहज रेखामा कुदाउन उपयुक्त वातावरण दिने स्थान । अनि दुई पल्ट प्रत्यायान पाइसकेर तेस्रो साइकलमा हामी प्रविष्ट भएका थियौं ।

हामी यही शिलशिलामा त्यहाँ पुगेका थियौं । स्तर प्रत्यायनको तेस्रो साइकलमा उक्लिन खोज्ने हामीहरूका लागि त्यो गुरूको आश्रम थियो । शिक्षालाई समाजसंग जोड्ने सूत्र लिएर उभिएको धरोहर थियो त्यो ।

हामी गाडी पार्क गरेर बिस्तारै अलग्गै रहेको प्रत्यायन शाखातिर लाग्यौं । मेरो त्यो पहिलो पाइला थियो त्यस ठाँउको लागि । मनमा संसय र उत्तेजना दुवै थियो । किनभने हामी उच्च शिक्षाको क्यानभाषमा प्रवेश गर्दैथियौं ।

अलिकति एक डिल मास्तिर उक्लिएर हामी अघि बढ्यौं । अगाडि लहलह घाँसले चिसो हावा हाम्रा ताता निधारमा बहाइरहेको थियो । सीतल महसुस गर्दै थियौं हामी । अनि त्यो डाँडाबाट काठमाडौंको खाल्डोमा नजर लगायौं । त्यसपछि हामी भुईतलामा रहेको कार्यालयभित्र प्रवेश गर्‍यौं । खुल्ला ले–आउट भएको कार्यकक्षमा व्यस्त अधिकारीहरूबाट आत्मीय आतिथ्यता पायौं । हामीलाई दायाँ तर्फको हलमा प्रवेश गर्ने संकेत पाएपछि हलमा प्रवेश गर्‍यौं ।

परिचयात्मक कार्यक्रमबाट अन्तरक्रिया सुरु भयो । उहाँहरूले आफ्नो परिचय दिनुभयो । हामीले पनि हाम्रो परिचय दियौं । त्यसपछि नारायण नेउपाने र भगवती पौडेलको प्रस्तुति सुन्यौं । उहाँहरूले उभिएको ठाउँबाट दमक बहुमुखी क्याम्पसलाई देखेका सबै दृष्यहरूको सबिस्तार बर्णन गर्नुभयो । हामीले दमकबाट देखेको क्याम्पस र उहाँहरूले त्यहाँबाट देखेको क्याम्पसको तुलनात्मक चित्र पढ्यौं । केही कुराहरु देखिए । खुसी लाग्यो । हो नि, हामी जहाँ उभिएर समाज र शिक्षालाई जोड्ने प्रयास गरिरहेका छौं, त्यहाँबाट देखिएको क्षितिज र यहाँबाट देखिएको क्षितिज फरक त हुने नै हो । अर्थात् दमकको पाँचतले भवनमा उभिएर देखेको क्षितिज र भक्तपुरको त्यो कार्यालयबाट देखिएको क्षितिज भिन्न त देखिन्छ नै । हामी के देख्छौं भन्ने कुरा हामी कहाँ उभिएर बोलिरहेका छौं भन्ने कुराले निर्धारण गर्छ । किनभने जति माथि गयो त्यति नै नयाँ र अर्को क्षितिज देखिन थाल्छ । शिक्षा र जीवनको बुझाइ पनि यही हो । यो शास्वत कुरा हो । हामीले यही बुझ्यौं त्यहाँ । र आत्मसात पनि गर्‍यौं किनभने हामीले पास हुन थियो । हामीले प्रमाणपत्र पाउनु थियो । आफूले नदेखेका क्षितिजहरु देख्नु थियो । यो अध्याय सकेर हामी बाहिरियौं ।

त्यसपछि एउटा अर्को नोस्टाल्जीयामा घिसारिएर पुग्यौं । त्यो थियो – काठमाडौ शिक्षा क्याम्पस । २०४८ सालतिर रेडियो नेपालको 'घटना र बिचार' कार्यक्रम निकै राप, ताप र प्रकासले भरिएको मान्थ्यौं हामी । भरपर्दो विश्लेषण लाग्थ्यो । त्यो पुरूसोत्तम दाहालले सञ्चालन गर्थे । त्यसमा एउटा अर्को आवाज पनि थियो । त्यो आवाज थियो सत्रुधनप्रसाद युप्ता । त्यही आवाजसंग आजको आवाजसंग संज्ञान भर्ने समय थियो त्यो । क्याम्पस पढ्दा राजनीतिमा धेरै चासो नराख्ने हुनाले उनीसंग कुनै समीप्यता रहेको थिएन । तर हाम्रा क्याम्पस प्रमूख यज्ञराज गिरि (राम सर) सत्रुधनप्रसाद गुप्ताको निकै गहीरो दोस्ती थियो ।

जब हामी क्याम्पस प्रवेश गर्‍यौं, धेरै चित्रहरु बोलिरहे । काठमाडौंको 'साँघुरो' जमिनमा पनि 'फराकिलो' संरचना । फूलका रंगहरूसंग साक्षातकार गर्दै मूल भवनको दोस्रो तलामा रहेको क्याम्पस प्रमूखको कोठामा छिर्दा बेग्लै अनुभूति भयो । रेडियोमा बोल्ने ती मधेसी जेन्जी आज बयस्क भएर क्याम्पस प्रमूखको कुर्सीमा थिए । कांग्रेसको सुरूवाती 'ब्याटिङ्' राम्रो भएर त उन्नत दिमागहरु त्यसमा लागेका थिए उसबेला । पछि सबै स्खलतीत भए । तर गुप्ताजी अझै पनि 'देशलाई राम्रो शिक्षा आवश्यक छ' भनेर लागिरहेका थिए । उनको बोलीको स्पष्टता, दृढता, निडरता र निरन्तरता उस्तै थियो । नेपालकै विज्ञ मानिएका व्यक्तिहरु रहेको सञ्चालक समितिको नामावली झुण्ड्याएर त्यसैको मुनि आँफू कुर्सीमा बसेका गुप्ता साँच्चिकै विज्ञ जस्ता देखिन्थे । आफ्नो नजिकै एउटा सहयोगीको स्थायी कुर्सी राखेर तिनैलाई काम अराएर काम फत्ते गराउने उनको कला साँच्चिकै उन्नत लाग्यो । विभिन्न सञ्चालित कार्यक्रमहरूको अवलोकन गराए । कति सम्म भने, हेटल म्यानेजमेन्टको प्रयोगात्मक कक्ष हामीलाई देखाउन भनेर उनी अघि लागे पाँच तलामाथि । हामी पनि गयौं । तर हाम्रा क्याम्पस प्रमूख छुटेको देखेर हामीलाई गुप्ताजीले भने, 'त्यो रामे कता गयो ? बोलाउनु न । उसले हेर्नु पर्छ यो ।' वाउ, यो हो नि त मित्रताको गहिराइ ! संगै पढेर संगै विद्यार्थीकाल बिताएका व्यक्तिहरूको भेटमा प्रयोग हुने यस्तो अनौपचारिक भाषामा अकल्पनीय मिठास हुन्छ नै, र थियो पनि । छक्क परेर नारायण सरले फोन गर्नु भयो र राम सर (अफिसियल नाम यज्ञराज) पनि आउनु भयो ।

हामीले देख्यौं ती प्रयोगात्मक कक्षाहरु । सुन्दर, कलात्मक । वैज्ञानिक । क्याम्पसमै तयार गरिएका फलफूल र कफी लिएपछि हामी बिदा भयौं ।नरायणगढ पुग्नु थियो बेलुका । चार बजिसकेको थियो । हामी हुइकियौं । मुङ्लिन आइपुग्न सकस भयो । बाटा भत्किएका छन् । बनेका छन् । फेरि भत्किएका छन् । ती बर्षै लागेर बनिन्छन्, अनि मिनेटमा भत्किन्छन् । बनाउनेको 'मालामाल', हिंडनेको सास्ती । यस्तै सास्तीमा साथीहरु मलाई कराउँदै हुनुहुन्थ्यो, 'हउ, बूढा । आज चाहिं तपाईंका पात्र छैनन् ?' पात्र त थिए थुप्रै, तर भन्न मन भएन । बाटो देख्दै मन खिन्न भयो । तैपनि एउटा पात्र थियो – जिरो । शून्य । निराकार । किनभने यही पात्र म पनि थिएँ । ४८ सालमा हिंड्दा पनि यस्तै बाटो हिंडेको । आज ३५ बर्ष पछि पनि उस्तै बाटो हिंड्नु परेको छ । त्यसैले हामी शून्यबाट उदाएर शून्यमै बाँचेर शून्यमै अस्ताउँदा रहेछौं । यस्तै लाग्यो । त्यसपछि हामी नारायणगढको रेड कार्पेट होटलमा बास बस्न राति नौ बजे पुग्यौं ।

क्रमशः *दमक, झापा*

# खडेरीले धानको ब्याड सुक्न थाले

**उदयपुर /** खेतीको सिजन शुरू भएसँगै बढेको अधिक गर्मी र खडेरीले खेतीयोग्य जमिनमा प्रत्यक्ष असर परेको छ । जेठको पहिलो हप्तादेखि अत्यधिक गर्मीसँगै सुक्खा खडेरी सुरू भएकाले असार साउनमा रोपाइँका लागि किसानले राखेको धानको ब्याड सुक्न थालेपछि उदयपुरका किसान चिन्तित बनेका छन् ।



जिल्लाको त्रियुगा तथा चौदण्डी नगरपालिका क्षेत्रका किसानले रोपाइँ गर्न राखेको धानको ब्याड सुक्न थालेको छ । अति बढी तातो र खडेरीले धानको ब्याड चिरासमेत पर्न थालेको किसान बताउँछन् । ब्याडमा धानको बीउ उम्रन नसक्ने अवस्था आएकामा आफूहरु चिन्तित बनेको त्रियुगा नगरपालिका-१ जोगीदहका किसान मोहनदेव चौधरी बताउँछन् ।

त्रियुगा नगरपालिका-१३ पोर्ताहका किसान प्रेमप्रसाद दाहाल भन्छन्, "जेठको १ गते नै असार साउनमा रोपाइँका लागि धानको ब्याड राखेको, तर खडेरी बढेसँगै ब्याड नै चिरा पर्दै जान थालेका कारण धानको बीउ उम्रन नसक्ने अवस्था छ । कतै धानको बीउकै कारण असार अन्तिमदेखि साउनमा रोपाइँ गर्न समस्या हुने हो कि भन्ने चिन्ता लागेको छ ।"

त्रिनपा-३ भुल्केको दयानाथ भट्टराईका अनुसार जेठको सुरू हप्तादेखि नै बढी गर्मीसँगै तातो र सुक्खा खडेरीले ब्याड नै चिरा पर्न थालेकाले यसपटक धानको बीउ उत्पादन गर्न समस्या हुने रसमयमा रोपाइँ गर्न नसकिने हो कि भन्ने चिन्ता लाग्न बताउँछन् ।

भुल्के क्षेत्रमा मात्र झन्डै डेढ सयभन्दा बढी धानको ब्याड रहेको र अधिकांश सुक्खाले ब्याडमा चिरा पर्न थालेकाले बिउ उम्रन समस्या देखिएको अर्का किसान कृष्णप्रसाद फुयाँल बताउँछन् ।

यस्तै चौदण्डी गढी नगरपालिका-९ ज्यमिरेका कृषक धनपति पौडेलका अनुसार उदयपुरमा असारको तेस्रो हप्तादेखि साउनको तेस्रो हप्तासम्म रोपाइँ हुने गरेको छ । अधिकांश किसानले धानको ब्याड भने वैशाखको अन्तिम हप्तादेखि जेठको पहिलो हप्ताभित्र राख्ने गरेका छन् ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# दूषित खाद्यवस्तुका कारण बर्सेनी ६० करोड मानिस बिरामी



**दमक/** दूषित खाद्यवस्तुका कारण विश्वभर हरेक वर्ष करिब ६० करोड मानिस बिरामी पर्ने गरेको तथ्यांक सार्वजनिक भएको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)का अनुसार खाद्यजन्य रोगका कारण वार्षिक करिब चार लाख २० हजार जनाको मृत्यु हुने गरेको छ ।

पर्याप्त मात्रामा सुरक्षित र पोषणयुक्त खाद्यवस्तुमा पहुँच मानव जीवन, स्वास्थ्य र समग्र कल्याणका लागि अपरिहार्य मानिन्छ । दूषित खाना वा पानीमार्फत शरीरमा प्रवेश गर्ने ब्याक्टेरिया, भाइरस, परजीवी तथा रासायनिक पदार्थका कारण विभिन्न खाद्यजन्य रोग फैलिने गर्छन् । यस्ता जोखिमहरू प्रायः नाङ्गो आँखाले देख्न नसकिने भएकाले खाद्य सुरक्षालाई अझ चुनौतीपूर्ण विषयका रूपमा हेरिएको छ ।

डब्ल्युएचओका अनुसार पाँच वर्षमुनिका बालबालिकाले खाद्यजन्य रोगको कुल भारको करिब ४० प्रतिशत हिस्सा वहन गर्छन् । यस्ता रोगका कारण हरेक वर्ष करिब एक लाख २५ हजार बालबालिकाको मृत्यु हुने गरेको छ । खाद्यजन्य रोगले विशेषगरी महिला, बालबालिका, द्वन्द्व प्रभावित समुदाय, आप्रवासी तथा अन्य कमजोर वर्गलाई असमान रूपमा प्रभावित गर्ने गरेको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार खाद्य सुरक्षा उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण खाद्य शृत्तलासँग सम्बन्धित विषय हो । खाद्यवस्तुको उत्पादन, संकलन, प्रशोधन, भण्डारण, ढुवानी, वितरण, तयारी तथा उपभोगका हरेक चरणमा सुरक्षा मापदण्ड पालना गरिएमा खाद्यजन्य रोगको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ ।

यो दिवसका अवसरमा खाद्य सुरक्षालाई प्रभावकारी नियमन प्रणाली, स्वच्छ खानेपानीमा पहुँच, असल कृषि अभ्यास, खाद्य सुरक्षा व्यवस्थापन प्रणाली तथा उपभोक्ता सचेतनासँग जोडेर हेरिनुपर्नेमा जोड दिइएको छ । सरकार, उत्पादक, व्यवसायी, वैज्ञानिक, नागरिक समाज र उपभोक्ताको साझा प्रयासबाट मात्र सुरक्षित खाद्यवस्तुको सुनिश्चितता गर्न सकिने विज्ञहरूको भनाइ छ ।

'खाद्य सुरक्षा सबैको जिम्मेवारी' भन्ने सन्देशका साथ मनाइने यस दिवसले खाद्य सुरक्षा, जनस्वास्थ्य, कृषि, व्यापार, पर्यटन र दिगो विकासबीचको अन्तरसम्बन्धलाई उजागर गर्दै सुरक्षित खाद्यवस्तुको सुनिश्चितताका लागि

## स्वास्थ्य

# क्यान्सरका अति आवश्यक औषधिहरू खरिद गरिंदै

**दमक**/ बजारमा अभाव हुँदै गएको क्यान्सरका अति आवश्यक औषधिहरू तुरुन्तै दुई देशबाट आयत गर्ने तयारी भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। अहिले अप्ठेरो टार्न महँगै मूल्यमा भए पनि औषधी आयत गर्ने र बाँकी कानुनी समस्या मिलाउन प्रक्रिया अघि बढिरहेको स्वास्थ्य मन्त्री निशा महेताले बताइन्।

शुक्रबार नागरिकसँग भनिन् , 'औषधि झिकाउनको लागि दुवै देशका कम्पनीहरूलाई पत्र तयार भइरहेको छ, छिट्टै आयत हुन्छ' । यी दुवै देशबाट पहिलादेखि नै आयत गर्दै आएको हुनाले सङ्कटको बखत बढी मूल्यमा भए पनि आयत गर्ने गरी अनुमति दिने तयारी भइरहेको मन्त्री मेहताले बताइन ।

'पहिला पनि भारतबाटै आयत हुन्थ्यो, यो बेला विशेष अनुरोध गरेरै भए पनि लिन्छौ', उनले भनिन्। अन्तर्राष्ट्रिय बजारमै उत्पादन कम भएर महँगी भएका अति आवश्यक औषधीहरू कार्वोपलाटिन र सिसपलाटिन लगायत किमोथेरापीमा मिश्रित हुने औषधीहरू नेपालले आयत गर्न नसकेपछि क्यान्सरका बिरामी समस्यामा परेका हुन्।

समस्या परेपछि कतिपय बिरामीले कालो बजारीमा औषधी खरिद गर्न बाध्य भएको स्थिति छ भने कतिपयले पाउनै नसकेको अस्पतालहरूले जनाएका छन्।

मन्त्री मेहताको अनुसार औषधीमा प्रयोग हुने कच्चा पदार्थको मूल्य नै अति महँगो परेपछि एकातिर उत्पादन नै कम भएको छ भने अर्कोतिर पहिलाको बजार मूल्य भन्दा महँगो बनेका छन् ।

नेपालले भारत र बङ्गलादेशमा उत्पादन हुने यी औषधीहरू आयत गर्दै आएको थियो। अन्तर्राष्ट्रिय बजार मूल्य बढेपछि आयत कर्ताहरुले त्यो मूल्य भन्दा कम मूल्यमा खरिद तथा विक्री गर्न नसकेपछि सरकारसँग मूल्य समायोजनको माग राख्दै आएका थिए । सरकारले २०७३ सालमा जारी गरेको मूल्य अनुसार यी औषधि राजपत्रमा प्रकाशित भई स्थिर मूल्यमा विक्री गर्नु पर्ने व्यवस्था छ ।

## ज्ञानगुन

१, नेपालको सबैभन्दा पुरानो राजमार्ग कुन हो ?
(क) अरनिको राजमार्ग (ख) पृथ्वी राजमार्ग
(ग) सिद्धार्थ राजमार्ग (घ) त्रिभुवन राजपथ

२, नेपालको सबैभन्दा लामो जीपलाइन कहाँ सञ्चालन भएको छ ?
(क) नगरकोट (ख) नुवाकोट (ग) सराङ्कोट (घ) चरिकोट

३, सन् २०२३ मा सम्पन्न एसिसी यू-एसिया कप जित्ने राष्ट्र कुन हो ?
(क) युएयी (ख) पाकिस्तान (ग) बङ्गलादेश (घ) भारत

४, नेपालमा दुई वटा कारागार भएको जिल्ला कति वटा छन् ?
(क) एक (ख) दुई (ग) तीन (घ) चार

५, भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस कहिले मनाइन्छ ?
(क) डिसेम्बर ६ (ख) डिसेम्बर ७
(ग) डिसेम्बर ८ (घ) डिसेम्बर ९

६, राष्ट्रियसभा सदस्य रिक्त पदको निर्वाचन कहिले हुने भएको छ ?
(क) २०८० माघ ११ गते (ख) २०८० माघ १२ गते
(ग) २०८० माघ १३ गते (घ) २०८० माघ १४ गते

७, नेपालको संविधान अनुसार कति किसिमको नागरिकता जारी गर्न सकिने प्रावधान छ ?
(क) तीन (ख) चार (ग) पाँच (घ) छ

८, मानव सेवा नै माधव सेवा हो भन्ने भनाइ कसको हो ?
(क) स्वामी योगानन्द (ख) स्वामी विवेकानन्द
(ग) सत्यसाई बाबा (घ) स्वामी दयानन्द

९, नेपालमा छापाखानाको सुरुवात कहिलेदेखि भएको हो ?
(क) बि.सं. १९०८ साल (ख) बि.सं. १९०९ साल
(ग) बि.सं. १९१० साल (घ) बि.सं. १९११ साल

१०, प्रसिद्ध धार्मिक ग्रन्थ गीतामा कति अध्याय छ ?
(क) १७ (ख) १८ (ग) १९ (घ) २०

११, सेतो कोइला भनेर चिनिने पदार्थको नाम के हो ?
(क) जलविद्युत ऊर्जा (ख) सौर्य ऊर्जा
(ग) वायवीय ऊर्जा (घ) आकाशीय पिण्ड

**सही उत्तरहरु**

१-(घ), २-(क), ३-(ग), ४-(ख काठमाडौं र दाङ), ५-(घ), ६-(क),
७-(ख वंशज, अङ्गीकृत, गैरआवसीय र मानार्थ),
८-(ग), ९-(क), १०-(ख), ११-(क)
*(स्रोत विभिन्न पत्रिपत्रिका)*

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# १६ रंगशाला, तीन देश र १०४ खेल : २०२६ विश्वकपको भव्य तयारी




**दमक/** फुटबलको सबैभन्दा ठूलो महोत्सव फिफा विश्वकप २०२६ इतिहासकै सबैभन्दा भव्य संस्करण बन्ने तयारीमा छ । पहिलो पटक तीन देश_संयुक्त राज्य अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्न लागेको प्रतियोगिता जुन ११ देखि जुलाई १९ सम्म सञ्चालन हुनेछ । ४८ टोली सहभागी हुने यस विश्वकपमा १२ समूह रहनेछन् भने कुल १०४ खेल खेलाइने छन् ।

यसपटकका खेलहरू १६ रंगशालामा आयोजना हुनेछन् । तीमध्ये ११ रंगशाला संयुक्त राज्य अमेरिकामा, तीन मेक्सिकोमा र दुई क्यानडामा रहेका छन् । प्रतियोगिताको भौगोलिक विस्तार पनि निकै विशाल छ । क्यानडाको भ्यानकुभरस्थित बीसी प्लेस र मेक्सिको सिटीको ऐतिहासिक एस्टाडियो एज्टेका बीचको दूरी करिब ४,४०० किलोमिटर रहेको छ ।

विश्वकपको उद्घाटन खेल मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेकामा हुनेछ। करिब ८३ हजार दर्शक क्षमता भएको यो रंगशाला विश्व फुटबलकै सबैभन्दा प्रतिष्ठित मैदानमध्ये एक मानिन्छ । यसअघि १९७० र १९८६ का विश्वकप फाइनल पनि यही मैदानमा भएका थिए, जहाँ क्रमशः ब्राजिल र अर्जेन्टिनाले उपाधि जितेका थिए । मेक्सिकोका अन्य दुई आयोजक रंगशालामध्ये ग्वाडालजाराको आधुनिक डिजाइनयुक्त रंगशालामा चार खेल हुनेछन् भने मोन्टेरी रंगशालाले पनि चार खेल आयोजना गर्नेछ । पहाडी दृश्यले घेरिएको मोन्टेरी रंगशाला उत्तर अमेरिकाकै आकर्षक फुटबल मैदानमध्ये एक मानिन्छ ।

क्यानडामा टोरन्टो र भ्यानकुभर रंगशाला छनोट भएका छन् । टोरन्टोमा ६ खेल हुनेछन् भने भ्यानकुभरले सात खेल आयोजना गर्नेछ । विशेषगरी भ्यानकुभर प्रतियोगिताको सबैभन्दा व्यस्त रंगशालामध्ये एक रहने अपेक्षा गरिएको छ । संयुक्त राज्य अमेरिकाका रंगशालाहरू भने विश्वकपका मुख्य केन्द्र बन्नेछन्। सियाटल, सान फ्रान्सिस्को बे एरिया, लस एन्जलस, ह्युस्टन, डलास, कान्सास सिटी, एटलान्टा, मियामी, फिलाडेल्फिया, बोस्टन र न्यूयोर्क–न्यू जर्सीमा खेलहरू सञ्चालन हुनेछन् ।

यीमध्ये डलास रंगशाला सबैभन्दा ठूलो हो, जहाँ करिब ९४ हजार दर्शक अट्न सक्छन्। यहाँ नौ खेल, सेमिफाइनलसहित, आयोजना हुनेछन् । एटलान्टाले पनि सेमिफाइनलसहित आठ खेल पाएको छ। लस एन्जलस रंगशालाले आठ खेल आयोजना गर्नेछ भने ह्युस्टन र मियामीमा सात–सात खेल हुनेछन् ।

विश्वकपको अन्तिम तथा सर्वाधिक प्रतिक्षित फाइनल खेल जुलाई १९ मा न्यूयोर्क–न्यू जर्सी रंगशालामा हुनेछ । ८२ हजारभन्दा बढी दर्शक क्षमता भएको यो रंगशाला अमेरिकाका सबैभन्दा चर्चित खेलकुद स्थलमध्ये एक हो। यसअघि यहाँ सुपर बाउलजस्ता ठूला अन्तर्राष्ट्रिय कार्यक्रमहरू आयोजना भइसकेका छन् । तीन देश, १६ रंगशाला, ४८ टोली र १०४ खेलको संयोजनले २०२६ को विश्वकपलाई फुटबल इतिहासकै सबैभन्दा ठूलो र रोमाञ्चक संस्करण बनाउने अपेक्षा गरिएको छ । आधुनिक पूर्वाधार, विशाल दर्शक क्षमता र उत्तर अमेरिकाको विविध भौगोलिक परिवेशले यस विश्वकपलाई खेलकुद प्रेमीका लागि अविस्मरणीय अनुभव बनाउने विश्वास गरिएको छ ।

## मनोरञ्जन

# 'नेपालकी छोरी' सार्वजनिक

**दमक/** अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट घोषित भएका र प्रतिस्पर्धा गरेका ६ चिनियाँ फिल्महरूको काठमाडौं प्रदर्शन सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय चलचित्र महोत्सव प्रवर्द्धन कार्यक्रम 'तियानतान अवार्ड प्यानोरामा' अन्तर्गतको यस कार्यक्रम ठमेलस्थित छाया सेन्टरमा तीन दिन चलेको थियो ।



चीन चलचित्र प्रशासन र बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवले नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानसँग सहकार्य गरेर कार्यक्रम गरेको हो । तीन दिनको ९ शोमा देखाइएका ६ चिनियाँ फिल्म करिब १४ सय दर्शकले हेरेको आयोजकको दाबी छ । उनीहरूले आफूलाई मन परेको विभिन्न जनराका चिनियाँ फिल्महरु नेपालमा व्यवसायिक प्रदर्शनको अपेक्षा गरेका छन् । यस कार्यक्रम पश्चात चिनियाँ चलचित्रकर्मीले नेपाली बजारलाई गम्भीरताका साथ लिएको महसुस भएको प्रतिष्ठानका अध्यक्ष केपी पाठकले अनुभव व्यक्त गरे ।

# चिनियाँ फिल्म विशेष प्रदर्शन सम्पन्न

दमक/ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उत्कृष्ट घोषित भएका र प्रतिस्पर्धा गरेका ६ चिनियाँ फिल्महरूको काठमाडौं प्रदर्शन सम्पन्न भएको छ ।

अन्तर्राष्ट्रिय चलचित्र महोत्सव प्रवर्द्धन कार्यक्रम 'तियानतान अवार्ड प्यानोरामा' अन्तर्गतको यस कार्यक्रम ठमेलस्थित छाया सेन्टरमा तीन दिन चलेको थियो । चीन चलचित्र प्रशासन र बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवले नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानसँग सहकार्य गरेर कार्यक्रम गरेको हो ।



तीन दिनको ९ शोमा देखाइएका ६ चिनियाँ फिल्म करिब १४ सय दर्शकले हेरेको आयोजकको दाबी छ । उनीहरूले आफूलाई मन परेको विभिन्न जनराका चिनियाँ फिल्महरु नेपालमा व्यवसायिक प्रदर्शनको अपेक्षा गरेका छन् ।

यस कार्यक्रम पश्चात चिनियाँ चलचित्रकर्मीले नेपाली बजारलाई गम्भीरताका साथ लिएको महसुस भएको प्रतिष्ठानका अध्यक्ष केपी पाठकले अनुभव व्यक्त गरे ।

# पथरी शनिश्चरेमा अन्तरक्रिया सम्पन्न

उर्लाबारी । पथरी शनिश्चरे नगरपालिकाको आयोजनामा 'आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री( वितरण नियन्त्रण) ऐन, २०४९' सम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम नगर सभाहलमा सम्पन्न भएको छ । कार्यक्रममा आमाको दूधको विकल्पका रूपमा बजारमा उपलब्ध वस्तुहरूको प्रयोग, तिनको बिक्री(वितरणसम्बन्धी कानुनी व्यवस्था तथा स्तनपानको स्वास्थ्य महत्वबारे विस्तृत छलफल गरिएको थियो ।

कार्यक्रम नगर प्रमुख मोहनप्रसाद तुम्वापोको अध्यक्षतामा सम्पन्न भएको हो । स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत एकराज खत्रीले स्तनपानको फाइदा, सिफारिस गरिएका अभ्यास तथा नेपाल र विश्वमा यसको अवस्थाबारे प्रस्तुति दिए । राजस्व अधिकृत ताराप्रसाद ढकालले स्वास्थ्य व्यवसाय दर्ता, नवीकरण, कर व्यवस्था र कानुनी दायित्वबारे जानकारी गराए ।

ईलाका प्रहरी प्रमुख वीरदत्त पन्तले लागूऔषध दुर्व्यसनका असर र कानुनी प्रावधानबारे सचेत गराउँदै समुदाय(प्रहरी सहकार्यको आवश्यकता औंल्याए । नगर प्रमुख तुम्वापोले बालस्वास्थ्य र सुरक्षित भविष्यका लागि पोषणयुक्त आहार प्रवर्द्धन गर्नुपर्ने बताए । कार्यक्रममा स्वास्थ्यकर्मी, व्यवसायी, सञ्चारकर्मी तथा सरोकारवालाको सहभागिता रहेको थियो ।

कार्यक्रमले कानुनी व्यवस्था कार्यान्वयन, स्तनपान प्रवर्द्धन र जनचेतना अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै सहभागीहरुले बजार अनुगमनलाई प्रभावकारी बनाउन, अवैध विज्ञापन नियन्त्रण गर्न तथा स्वास्थ्य संस्थाहरूमा स्तनपानमैत्री वातावरण निर्माण गर्न सुझाव दिएका थिए । कार्यक्रमले सरोकारवाला निकायबीच समन्वय सुदृढ गर्ने विश्वास लिइएको छ । नगरपालिकाले आगामी दिनमा यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

## दैनिक राशिफल




आज मिति
२०८३ साल
जेठ २५ गते
सोमबार
8 June, 2026
तिथि: अष्टमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | रोगव्याधीले सताउला । धन खर्च । मन खिन्न । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | स्वास्थ्यमा सुधार । पारिवारीक भेटघाट । |
| मिथुन | का कि कु घ ङ छ के को हा | परिश्रम अनुसार फल प्राप्ती । मनमा उत्साह बढ्ने । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारको अवसर । विदैशिक यात्रा होला । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | ब्यापार व्यवसायमा लाभ । धन सञ्जय नहुने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मनमा धेरै कुरा खेल्ने । विश्वास बढी गर्नाले धोका । |
| तुला | हि हु हे हो डा डि डु डे डो | स्वास्थ्य गडबड खानपिनमा बढी ध्यान दिनु होला। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | सामाजिक मान बढ्ने । कुरा काट्ने पनि सकृय । |
| धनु | य यो भा भी भ धा फा ढ भे | साथीभाइबाट सहयोग । आफन्तजनमा भने मनमुटाव । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आम्दानीका बाटाहरु खुल्ने । नयाँ सरसामान खरिद । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | अध्ययनमा सफलता । परिश्रम भने बढी गर्नुपर्ला । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मान्यजनसँगको भेटघाट परिवारमा खुशीयाली । |

# पूर्वसांसद गुप्ताको निधन

दमक । कपिलवस्तु क्षेत्र नं. ३ का पूर्वसांसद तथा एमाले नेता मंगलप्रसाद गुप्ताको निधन भएको छ । 'मंगल चाचा'का नामले परिचित ८० वर्षीय गुप्ताको भारतको मेदान्त अस्पतालमा हृदयघातपछि उपचारका क्रममा आइतबार बिहान निधन भएको हो । लामो समयदेखि राजनीतिमा सक्रिय रहेका गुप्ताले २०४३ सालमा पञ्चायती व्यवस्थाका बेला पहिलोपटक निर्वाचनमा उम्मेदवारी दिएका थिए ।

***कस्टकर****....पर्ने निश्चितजस्तै छ । यही अवस्था हो भने वर्षा याममा यो सडक चल्न सक्दैन ।' मेची पहाडलाई जोड्ने यो सडकखण्ड अवरूद्ध हुँदा इलामसहित पाँचथर, ताप्लेजुङसम्म आवत-जावत र दैनिक उपभोग्य वस्तु ढुवानीमा समस्या भएको थियो । अहिले पनि पहिरोमाथि खोलिएको ट्र्याकमा यातायात सञ्चालनमा दैनिक कठिनाइ उत्पन्न भइरहेको जनाइएको छ ।*

***छिमेकी......***

यातायातमा लैङ्गिक हिंसा रोक्न सीसीटीभी र साना सहकारी पीडितहरूको बचत फिर्ता गर्ने प्रक्रियाले बालेन सरकारको कार्यशैलीलाई परिणाममुखी बनाउनेतर्फ डोहोऱ्याएको देखिन्छ ।

नेपाली राजनीतिको आगामी परिदृश्य निकै रोचक र चुनौतीपूर्ण देखिन्छ । एकातिर रवि लामिछाने जस्ता नयाँ धारका नेताहरूले अन्तर्राष्ट्रिय कूटनीति र घरेलु राजनीतिमा आ˜नो परिपक्वता प्रमाणित गर्नुपर्नेछ भने, अर्कोतिर बालेन शाह नेतृत्वको सरकारले अघि सारेका १०० बुँदे महत्वाकांक्षी योजनाहरूलाई कर्मचारीतन्त्रको पुरानो संयन्त्रभित्र कसरी पूर्ण रूपमा कार्यान्वयन गर्छ भन्ने कुराले उनको भविष्यको राजनीतिक उचाइ तय गर्नेछ ।

नेपालको राजनीति अब केवल सत्ताको जोडघटाउमा मात्र सीमित रहेर टिक्न सक्ने अवस्थामा छैन । छिमेकी मुलुकहरूसँगको कूटनीतिक सम्बन्धमा राष्ट्रिय हितलाई केन्द्रमा राखेर गरिने नयाँ संवादहरु र आन्तरिक रूपमा शासकीय सुधारको तिव्रतम योजना कार्यान्वयनले मात्रै अबको नेपालको राजनीतिक र आर्थिक सम्भावनाको मार्गचित्र कोर्नेछ ।

***स्वास्थ्य*****.....** आइतबार पत्रकारहरूसँग भएको छलफलमा स्वास्थ्य सचिव डा. विकास देवकोटाले आउँदो साउनदेखि स्वास्थ्य बीमा कर्यक्रममा राष्ट्रसेवक कर्मचारीलाई आवद्ध गराउन कसरी बाध्यकारी बनाउने भन्नेतर्फ स्वास्थ्य मन्त्रालयको ध्यान केन्द्रित भएको बताएका हुन् ।

उनले स्वास्थ्य बीमा सुधार सरकारको प्राथमिकतामा परेकै कारण अघिल्लो वर्षको तुलनामा यस वर्ष दोब्बर बजेट छुट्याइएको समेत दाबी गरे । उनले भने 'यसअघि सात अर्ब रूपैयाँ बजेट विनियोजन हुँदै आएकोमा आगामी वर्षका लागि १५ अर्ब रूपैयाँ बजेट छुट्याइएको छ ।'

यतिबेला स्वास्थ्य बीमा कार्यक्रम गम्भीर आर्थिक संकटमा परेको छ । अस्पतालहरूलाई १८ अर्ब रूपैयाँभन्दा माथि रकम भुक्तानी गर्न बाँकी रहेको छ । आर्थिक संकट टार्नकै लागि निजी सेवा प्रदायक अस्पतालहरूमा आकस्मिक बाहेक सबै प्रकारका सेवाहरु बन्द गरिएको छ ।

यसअघि स्वास्थ्य बीमामार्फत उपलब्ध हुँदै आएको ओपीडी सुविधालाई खुम्च्याएर २५ हजारमा झारिएको छ भने टिचिङलगायतका देशका ठूला सरकारी अस्पतालले नै भुक्तानी नपाएपछि बीमा कार्यक्रममार्फत प्रदान हुँदै आएको सेवा बन्द गरेका छन् ।

***आइतबार*****.....** बिदा दिने र कार्यालय समय ९-५ बनाउने निर्णय गरेको थियो । पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको असहजतालाई मुख्य कारण देखाउँदै यस्तो निर्णय लिएको सरकारको भनाइ छ ।

तर, २ दिन बिदाले सेवाग्राही र अस्पतालमा ओपीडी बिरामीलाई मार परेको, शिक्षण संस्थासमेत बिदा हुँदा विद्यालयमा कोर्स सक्ने दबाबदेखि विद्यार्थी र अभिभावकसमेतलाई समय व्यवस्थापन गर्न अव्यवहारिक भएको भन्दै आलोचना बढिरहेको छ ।

***विश्व******......***इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणपछि महत्वपूर्ण समुद्री मार्ग स्ट्रेट अफ होर्मुज बन्द जस्तै भएको छ, जसले विश्वको करिब २० प्रतिशत तेल तथा ग्यास आपूर्ति प्रभावित पारेको छ । यस अवरोधका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य झन्डै दोब्बर पुगेको छ र त्यसको असर विश्वभर मुद्रास्फीतिमा देखिन थालेको छ ।

विशेषज्ञहरूको भनाइमा ओपेक प्लसले उत्पादन बढाउने घोषणा गरे पनि त्यसको वास्तविक प्रभाव सीमित हुने सम्भावना छ । स्याक्सो बैंकका विश्लेषक ओले ह्यान्सनका अनुसार ओपेकसँग बजारमा ठूला र निर्णायक परिवर्तन ल्याउने विकल्पहरु अहिले धेरै बाँकी छैनन्, जसले गर्दा यसको नीतिगत प्रभाव पहिलेको तुलनामा कमजोर देखिएको छ ।

# एसियन गेम्सै छनौट नेपाल फाइनलमा प्रवेश

**दमक/** सिंगापुरमा भइरहेको एसियन गेम्स पुरूष क्रिकेट छनोटको सेमिफाइनलमा नेपालले ओमानमाथि सहज जित निकाल्दै फाइनलमा प्रवेश गरेको छ । सिंगा ओभल ग्राउन्डमा आज विहान भएको खेलमा नेपालले ओमानमाथि ८ विकेटको जित हासिल गरेको हो। ओमानले दिएको ९५ रनको सामान्य लक्ष्य नेपालले ९.२ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो ।

नेपालका लागि लोकेश बमले सर्वाधिक ४४ रन बनाएर अविजित रहे। रोहित पौडेल २१ रनमा अविजित रहे । त्यसअघि कुशल भुर्तेलले २० अनि आसिफ शेखले १ रन बनाए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको ओमानले १९.४ ओभरमा अलआउट हुँदै ९४ रन बनाएको थियो । ओमानका लागि कप्तान सुफिया मेहमुदले सर्वाधिक ३८ रन बनाए । जुबेर अली अकबरले २२ रन बनाए । नेपालका लागि करण केसीले ३ विकेट लिए। सोमपाल कामी, सन्दीप लामिछानेले २-२ विकेट लिए । शाहब आलम, दीपेन्द्रसिंह ऐरी, कुशल मल्लले १-१ विकेट लिए । नेपालले फाइनलमा हङकङ र मलेसियाबीचको विजेतासँग खेल्नेछ । हङकङ र मलेसियाबीच दिउँसो सवा १२ बजेदेखि खेल हुनेछ । नेपालसहित सेमिफाइनल पुगेका चारवटै टोली एसियन गेम्सका लागि छनोट भइसकेका छन् ।

***झापामा********........***कृष्णबहादुर थापा सभापतिमा चयन भएका छन् । बागमती प्रदेशमा काठमाडौंका राजा शाक्य, भक्तपुरका रामेश्वर बस्नेत, काभ्रेपलाञ्चोकका प्रविन ढकाल, सिन्धुलीका अविनाश बस्नेत, रामेछापका रमेश रायमाझी, दोलखाका दिनेश बस्नेत, नुवाकोटका रामेश्वर गजुरेल, धादिङका राजन अर्याल र मकवानपुरका सञ्जिव पाठक सभापतिमा निर्वाचित भएका छन्। यसअघि सार्वजनिक सूचीमा गण्डकी प्रदेशका पर्वतमा जलबहादुर पुर्जा, स्याङ्जामा युवराज रोक्का, कास्कीमा यदुनाथ अधिकारी तथा लुम्बिनी प्रदेशको दाङमा किरण खनाल सभापतिमा चयन भइसकेका छन् ।

रास्वपाका केन्द्रीय निर्वाचन आयोगका अनुसार बागमती प्रदेशका चितवन, रसुवा र ललितपुरमा आइतबार अधिवेशन हुँदैछ भने सिन्धुपाल्चोकको अधिवेशन स्थगित गरिएको छ। यस्तै कोशी प्रदेशका धनकुटा, उदयपुर, सोलुखुम्बु, खोटाङ र इलाममा पनि अधिवेशन जारी छ । पार्टीले यस चरणमा २८ जिल्लामा जिल्ला अधिवेशन सञ्चालन गरिरहेको जनाएको छ ।

यसैबीच, केन्द्रीय निर्वाचन आयोगले अधिवेशन सम्पन्न नभएका पालिकाका विभागबाट जिल्ला अधिवेशनमा प्रतिनिधित्व गर्न नपाइने स्पष्ट पारेको छ । आयोगका अनुसार अधिवेशन सम्पन्न भइसकेका पालिकामा वैशाख १५ गतेअघि नियुक्त भएका विभागीय सदस्यले मात्र जिल्ला अधिवेशन प्रतिनिधिका रूपमा सहभागिता जनाउन पाउनेछन् ।


दर्ता नं. ३/१/७ (६६) ०५३/०५४

**इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था लि.**

**INDRENI MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.**

**कमल-७, झापाको**

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अन्यन्त जरुरी सार्वजकि सुचना

*प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२५ गते*

मिति २०८३ साल जेष्ठ २५ गते सोमबार यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले विभिन्न प्रयोजनका लागि ऋण लिएको बखतमा तोकिएको भुक्तानी तालिकाको भुक्तानी तालिका अनुसार तिर्नु बुझाउनुपर्ने सावाँ, ब्याज र हर्जना रकम समेत नतिरी नबुझाई संस्थालाई लेखि लेखाई दिएको ऋण सम्बन्धी सर्त बन्देज उलङ्घन गर्नु भएकोले संस्थाको सम्पुर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत आलटाल गरी बुझाउनु पर्ने ऋणको सावाँ, ब्याज र हर्जना समेत नबुझाएको हुँदा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थाको कार्यालयमा आई भाखा नाघेको ऋणको सम्पुर्ण सावाँ, ब्याज र हर्जना लगायतको रकम चुक्ता गर्न गराउनुहुन तपाईं ऋणी सदस्य तथा हकवालामा सार्वजनिक सुचना जारी गरिन्छ, उल्लेखित मिति भित्र ऋणको सम्पुर्ण सावाँ, ब्याज र हर्जना चुक्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी नीति तथा असुली नीति एवं प्रचलित कानुन बमोजिम कर्जा असुली न्यायधीकरणमा मुद्धा दर्ता गरी ऋणी सदस्यहरुको लेना रकम असुल गर्ने प्रक्रिया अगाडी बढाइने छ। असुल उपर कार्वाहिको सिल सिलामा उक्त कार्यविधि अनुसार भएका अन्य सम्पुर्ण खर्च समेत ऋणीबाटै असुलउपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपशील**

| क्रस | ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|---|
| १. | नाम : मनिस चिमरिया<br>बाबु : श्याम कृष्ण चिमरिया<br>बाजे : चिरन्जिवी चिमरिया<br>ठेगाना : गौरादह-५ ,हाल गौरादह-१<br>ना.नं.०४-०२-७२-०४५३३<br>जारिमिति : २०७०/१०/०४ | नाम : श्याम कृष्ण चिमरिया<br>बाबु : चिरन्जिवी चिमरिया<br>बाजे : सिद्धिप्रसाद चिमरिया<br>ठेगाना : गौरादह-५ ,हाल गौरादह-१<br>ना.नं. ६६१५<br>जारि मिति : २०५५/०८/२७ |
| २. | नाम : पारसमणी घिमिरे<br>बाबु : रङ्गलाल घिमिरे<br>बाजे : तुलसीराम घिमिरे<br>पत्नि : लिलादेवी घिमिरे<br>ठेगाना : कमल-७<br>ना.नं. : २३७ /८३९<br>जारि मिति : २०५९/१०/२९ | नाम : लिलादेवी घिमिरे<br>बाबु : त्रिलोचन दाहाल<br>ससुरा : रङ्गलाल घिमिरे<br>पति : पारसमणी घिमिरे<br>ठेगाना : कमल-७<br>ना.नं. : ०४२०४३/१११४<br>जारि मिति : २०६६/०४/१५ |
| ३. | नाम : देवेन्द्र न्यौपाने<br>बाबु : तिल बहादुर न्यौपाने<br>बाजे : दल बहादुर न्यौपाने<br>ठेगाना : दमक-७, झापा<br>ना.नं. : २३११४८८९<br>जारि मिति : २०५६/०५/१४ | |

## श्री सृजनशील कृषि सहकारी संस्था लिमिटेड, छथर जोरपाटी गाउँपालिका-६ धनकुटाको

## शिलबन्दी प्रस्ताव पेश गर्ने सम्बन्धी ७ दिने सूचना

### Specification of 4WD Single Cab Pick-up

| S.N. | CRITERIA | REQUIREMENT | OFFERED SPECIFICATION |
|---|---|---|---|
| 1 | General | **Single Cab Pick-up, Two Door Right Hand Drive model with four-wheel drive** suitable for driving in Nepal at an altitude up to 2000 meter and in ambient temperature -5 to 50 degree centigrade, **Gross Vehicle Weight of the vehicle shall not be less than 2700 kg. Payload not less than 1000 kg and shall have seating capacity for at least 5 Persons including Driver.** | **Make:**<br><br>**Model:** |
| 2 | Engine | Turbocharged intercooled diesel Engine,**Engine volume 2100 to 2600 CC. developingMaximum rated power output not less than 60 HP at governed RPM with torque min. 190 NM @ governed RPM,** engine fully equipped with accessories for efficient full load operation of the vehicle at operating conditions, cold starting device, heavy duty fuel filter. | |
| 3 | Emission Standard | The Emission Standard of the vehicle should be “Vehicle Mass Emission Standard” of Nepal which is to be certified by Department of Transport Management, Nepal | |
| 4 | Gauges | To include Speedometer, Tachometer, Odometer, water temperature, fuel, oil pressure, transmission gauge etc. as necessary for efficient operation and maintenance, signal for 4WD etc. | |
| 5 | Clutch | Single Plate Dry friction Diaphragm type | |
| 6 | Transmission | **Manual shift at least 5 forward and one reverse,** Synchromesh on all gears | |
| 7 | Wheelbase | **At least 3000mm** | |
| 8 | Ground Clearance | High Ground clearance preferred.<br>**Minimum 200 mm.** | |
| 9 | Suspension | Leaf springs/ coil springs/ torsion bar/ shock absorbers at front and rear. | |
| 10 | GVW Weight<br>Payload | Minimum 2700kgs<br>Minimum 1000kgs | |
| 11 | Tires | Standard Size | |
| 12 | Steering | Power Steering | |
| 13 | Brakes | Front ventilated Disc type, rear disc/ drum type, hydraulic operated on all wheels, and parking brake. | |
| 14 | Turning Radius | Maximum 6.4 m | |
| 15 | Fuel Tank Capacity | **Minimum 50 Liters** | |
| 16 | Cab | 2 side doors, all metallic cab with insulated roof, laminated glass windscreen, front washer and wipers, glass windows on doors, comfortable seats for driver and co-passenger. Two sun visors, rear view mirror and two side view mirrors. | |
| 17 | Chasis and Frame | Steel, heavy duty suitable for rough road conditions with toe-hook | |
| 18 | Essential Accessories | 1. Head light, tail and rear light, reversing light, and turn signals.<br>2. Cabin lights<br>3. Speedometer / odometer<br>4. One Spare wheel with tyre and tube.<br>5. Jack and handle<br>6. Seat belt for driver and co-driver. | |
| 19 | Instructions | All signs and instructions in the vehicle shall be in English. | |
| 20 | Manuals | One Copy of the Operator’s and owner’s instructions manual in English shall be supplied with the vehicle. | |
| 21 | Tools | A set of tools as required for general maintenance shall be supplied. | |
| 22 | Color | Standard Color | |
| 23 | Proven Performance | The vehicle offered shall be under standard production by the manufacturer for at least one year with performance and Fuel consumption curve. | |
| 24 | Warranty | Manufacturer shall provide **a minimum of One-year warranty after acceptance.** | |
| 25 | Delivery | Shree sirjanshil Krishi sahakari sanstha ltd “Chhathar jorpati rural municipality word number 06“Khark toll | |
| 26 | Estimated Price | **Nrs. 29, 65, 000/-**<br>(Twenty Nine Lakh Sixty Five Thousand Only) | |

***NOTE:***

*The major items are indicated by bold and highlighted letters/ alphabets / figures in the technical specifications. Non-compliance of these major items will result in non-responsiveness compliance of these major items will result in non-responsiveness of the bid offered.*

**शिलबन्दी प्रस्ताव पेश गर्ने स्थान**: छथर जोरपाटी गाउँपालिका-६, धनकुटा

**शिलबन्दी प्रस्ताव पेश गर्ने मिति** : २०८३/२/२५ देखि २०८३/२/३१ सम्म

**खरिद विधि** : क्याटलग

**शिलबन्दी प्रस्ताव खोल्ने मिति** : २०८३ असार ३१ गते

**समय** : बेलुका ५:३० बजे

**अध्यक्षः महेन्द्र थापा**

**सम्पर्क नं. : ९८५२०५०५८९**

**साझेदारी निकाय**

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ,
तेह्रथुम


**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल